# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १२ मितिः २०७७/११/११

## भाग - २

## रामपुर नगरपालिकाको

## बालबालिकासँग मेयर कार्यक्रम संचालन कार्यविधि,२०७७

## प्रस्तावना

नेपालको संविधानसभावाट जारी भएको नेपालको संविधान २०७२ को धारा ३९ मा व्यवस्था भएको बालबालिकाको हक तथा बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद-२ मा व्यवस्था भएको बालबालिकाको अधिकार पूर्ण सुनिश्चित गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को (२) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रामपुर नगरपालिकाको नगर सभाले पारित गरेको बालबालिकासँग मेयर कार्यक्रम कर्यान्वयन गर्न रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि वनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१. यो कार्यविधिको नाम बालबालिका सँग मेयर कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७७ रहेको छ ।

२. यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेका (१७ वर्ष ११ महिना २९ दिन सम्मका ) व्यक्तिलाई सम्झनुपर्दछ ।

ख) मेयर भन्नाले रामपुर नगरपालिका नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ग) "कार्यक्रम" भन्नाले बालबालिकाले प्रत्यक्ष सेवा पाउने लक्ष्य तोकी सञ्चालन गरिने दिर्घकालीन/अल्पकालीन काम भन्ने सम्झनु पर्दछ ।

घ) "कार्यक्रम खर्च "भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरि लक्ष्य, कार्यक्रम र वजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

ङ) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सम्झनु पर्दछ ।

च) "स्थानीय तह" भन्नाले रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

छ) "शाखा" भन्नाले रामपुर नगरपालिका स्थीत महिला बालबालिका तथा सामाजिक विकास शाखा सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य, कार्यक्रम लागु गर्ने प्राथमिकताका क्षेत्र सम्बन्धी व्यवस्था

**३. उद्देश्य :**

१. संविधानमा उल्लेखित अधिकारहरु र राज्य प्रदत्त सबै सेवा सुविधा र अवसरहरुमा बालबालिकाहरुलाई आम नागरिक सरह समान आधारमा पहुँच स्थापित गर्नु ।

२. बालबालिका सम्बन्धी ऐनले सुनिश्चित गरेका बालअधिकारहरुको पूर्ण उपयोग गर्न पाउने वातावरण सृजना गर्नु ।

३. बालबालिकाहरुका सवालहरुलाई विकासका प्रकृयाहरुमा समावेश गरी देशको समावेशी विकासमा योगदान पुऱ्याउनु ।

४. **कार्यक्रम लागु गर्ने प्राथमिकताका क्षेत्र:** यस कार्यक्रम लागु गर्ने प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम हुनेछन :

क) राष्ट्रिय तथा स्थानीय समन्वय

ख) कानुन तथा नीतिहरुमा सुधार,

ग) शिक्षा

घ) पोषण तथा स्वास्थ्योपचार

ङ) तालिम/रचना

च) सूचना तथा सञ्चार

छ) पहुँच तथा अवरोधमुक्त बातावरण

ज) पुनस्थापना

झ) सामाजिक सुरक्षा

ञ) अपाङ्गता भएका बालबालिका

ट) जनचेतना तथा पैरबी

ठ) शसक्तिकरण

ड) खेलकुद,मनोरञ्जन र विश्राम

ढ) सहायक सामाग्री तथा सहयोगी सेवाहरु

ण) विपद् व्यवस्थापन

त) मौलिक साँकृतिक

थ) अवलोकन भ्रमण

द) संरक्षण, सहभागीता र अभिव्यक्ति

## परिच्छेद-३

## कार्यक्रमको ढाँचा (programme module) र कार्यान्वयन सम्बन्धी व्यवस्था

५. **कार्यक्रमको ढाँचा (programme module) :-** यो कार्यक्रमका लागि मेयरसँग बालबालिका कार्यक्रम शिर्षकमा प्रत्येक आर्थिक बर्षमा निश्चित रकम विनियोजन गरिनेछ । सो का लागि प्रत्यक्ष मेयर (नगर प्रमुख) र बालबालिबीचको भेलाद्वारा बालबालिकाहरुका कार्यक्रम संकलन गरि प्रस्ताव पेश गरिनेछ । प्राथमिकताको क्षेत्रका आधारमा योजना तयार पारि शाखा मार्फत योजना छनौट गर्ने र अनुमोदनका लागि मेयर (नगर प्रमुख) समक्ष पेश गर्नुपर्नेछ । यसरी प्रस्ताव हुन आएका कार्यक्रमहरुको अन्तिम छनौटका लागि १५ दिन भित्र अन्य प्रकृया मिलाइ मेयर ( नगर प्रमुख)ले टुङ्गो लगाउने छ ।

६. **कार्यक्रमको कार्यान्वयन :-**

   १. कार्यक्रम कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी महिला बालबालिका तथा समाजिक विकास शाखाको हुनेछ ।
   २. उपदफा (१) मा जुन सुकै कुरा लेखीएको भएतापनि कार्यक्रम सञ्चालनका कममा आवश्यकता अनुसार नगर भित्र दर्ता/सूचीकृत भएका अन्य संघसंस्था मार्फत समन्वय वा सहकार्य गरि सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद ४

## शाखाको काम,कर्तव्य र अधिकार

७. **शाखाको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

   १. बालबालिका सँग मेयर कार्यक्रमको क्षेत्रमा पर्ने सम्पूर्ण कार्यहरुको कार्यान्वयन गर्ने ,
   २. बालबालिकाहरुलाई अन्य नागरिक सरह समानता कायम गर्दै शिक्षामा पहुँच, अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा विशेष सुविधा,बालबालिकाको सर्वाङ्गीण विकास (कला रचना, खेलकुद, मनोरञ्जन, अवलोकन) सामाजिक न्याय र दक्ष बनाउनका लागि पूर्ण प्रभावकारी व्यवस्थापकीय पक्षमा जोड दिंदै बालबालिकाहरुलाई सुरक्षाको प्रत्याभूती दिलाउने ,
   ३. बालबालिकाहरुको आवश्यकता पहिचान गरि त्यसको परिपुर्तिका लागि आवश्यकता अनुसार स्थानीय तह तथा मेयर (नगर प्रमुख) सँग समन्वय तथा सहकार्य गर्ने ।

४. बालबालिकासँग मेयर कार्यक्रममा सम्बन्धित भए गरेका सवै कार्यक्रमको अनुगमन,मूल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन तथा बालबालिकाहरुको तथ्याङ्क तयार पार्ने ।

## परिच्छेद-५
## कार्यक्रम खर्च व्यवस्थापन

**८. कार्यक्रम सम्बन्धी खर्च व्यवस्थापन देहाय बमोजिम हुनेछ :**

१. स्थानीय तहले जुन उद्देश्यको लागि रकम उपलब्ध गराएको गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

२. यस कार्यविधि बमोजिम प्राप्त/उपलब्ध भएको कार्यक्रम खर्चको अवधि चालु आ.व सम्म हुनेछ ।

३. यस्तो अनुदानको भुक्तानी नगर सभावाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

४. कार्यक्रम सम्बन्धी खर्च रकम खर्च गर्दा प्रचलित कानुनको अधिनमा रही गर्नुपर्ने छ ।

५. बालबालिकाहरुको माग तथा आवश्यकताको प्राथमिकताका आधारमा रकम उपलब्ध गराउनेछ ।

## परिच्छेद-६
## प्रतिवेदन, बैठक भत्ता तथा अभिलेख राख्ने :

**९. प्रतिवेदनः**

१. अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका कार्यक्रमको काम कारबाहीको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय र पन्ध्र दिन भित्र मेयर ( नगर प्रमुख ) को सचिवालय समक्ष पेश गर्नु पर्नेछ ।

२. मन्त्रालय वा स्थानीय तहले उपदफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१०. **बैठक भत्ता :** यस कार्यक्रम छनौट गर्दा योजना तर्जुमाको बैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउन सक्नेछन् ।

११. **अभिलेख राख्ने :** कार्यक्रमको काम कारवाहीको अभिलेख शाखाले दुरुस्त राख्नुपर्नेछ ।

## परिच्छेद ७
## अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

१२. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन देहाय बमोजिम हुनेछ ।

१. शाखाको सम्पूर्ण कियाकलापको अनुगमन र पृष्ठपोषण स्थानीय तहले गर्नेछ ।

२. स्थानीय तहबाट विनियोजीत रकम खर्च गर्दा प्रचलित ऐन र नियमावली साथै यस कार्यविधिको अधिनमा कार्यक्रमको कार्यान्वयन र खर्च गर्नु पर्नेछ ।

## परिच्छेद ८
## विविध

१३. **गुनासो सम्बन्धी व्यवस्था :** (१) विनियोजीत रकम शाखाले प्रचलित कानुन एंव यस कार्यविधि बमोजिम उचित उपयोग नगरेको भन्ने विषयसँग सम्बन्धित विषयमा उजुरी परेमा स्थानीय तहले अनुगमन गरि गुनासो व्यवस्थापन गर्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।